# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको

## पच्चिसौं वार्षिक साधारण सभाको

## छलफल तथा निर्णयहरूको विवरण

**(माईन्युट)**

२०८० फागुन ११ गते शुक्रवार

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाण्डौं

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. काठमाडौं २०५५ केन्द्रीय कार्यालय

# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

पच्चिसौं वार्षिक साधारण सभाको

छलफल तथा निर्णयहरूको विवरण

(माईन्युट)

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/१०/१७ का दिन बसेको सञ्चालक समितिको ३११ औं बैठकको निर्णय अनुसार बोलाइएको संस्थाको पच्चिसौं वार्षिक साधारण सभा २०८०/११/११ गते शुक्रबार (फेब्रुअरी २३, २०२४) का दिन बिहान १०:०० बजे संस्थाको केन्द्रीय कार्यालय नक्साल भगवतीबहाल काठमाण्डौको सभाहलमा शुरु भएको पच्चिसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना मिति २०८०/१०/१८ गते बिहीवार तथा मिति २०८०/१०/२१ गते आईतबारको "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना प्रकाशित गरी शेयरधनीहरूलाई जानकारी गराइएको थियो ।

१. **वैधानिक सभाः**

कम्पनी ऐन, २०६३ र यस संस्थाको नियमावली बमोजिम संस्थाको पच्चिसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री हरि कृष्ण पन्तको सभापतित्वमा निम्न मिति, समय र स्थानमा सम्पन्न भयो । सो सभामा शेयरधनीहरूको उपस्थिति वैधानिकता र छलफलका विषय तथा निर्णयहरू निम्न बमोजिम रहेको छ ।

२. **सभा भएको मिति, स्थान र समयः**

मिति : २०८०/११/११, शुक्रवार (तदनुसार फेब्रुअरी २३, २०२४) ।

स्थान : निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौको सभास्थलमा संचालन गरिएको ।

समय : बिहान १०:०० बजे शुरू भई दिउँसो १२:१५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस संस्थाको नियमावलीको नियम ४(३) बमोजिम संस्थाको पच्चिसौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन एवंम् वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८०/१०/१८ गते बिहीबार तथा मिति २०८०/१०/२१ गते आईतबारको "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनीहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थितिः**

४.१ **कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः**

४.१.१ श्री हरि कृष्ण पन्त — अध्यक्ष



काठमाडौं २०५५

४.१.२ श्री सन्तोष कुमार भट्टराई — सञ्चालक

४.१.३ श्री निरज कुमार वस्नेत (डनिल) — सञ्चालक

४.१.४ श्री टोप वहादुर रायमाझी — सञ्चालक

४.१.५ श्री समिता तिवारी — सञ्चालक

४.१.६ श्री कृष्ण कुमार प्रधान — सञ्चालक

**४.२ संस्थागत प्रतिनिधिको उपस्थिति:**

४.२.१ श्री अन्जु पाण्डे — प्रतिनिधि, निर्धन संस्था

४.२.२ श्री सन्तोष कुमार भट्टराई — प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड

४.२.३ श्री आयुष बहादुर श्रेष्ठ — प्रतिनिधि, हिमालयन बैंक लिमिटेड

४.२.४. श्री निरज कुमार वस्नेत (डनिल) — प्रतिनिधि, नबिल बैंक लिमिटेड

४.२.५ श्री सुमोद थापा — प्रतिनिधि, नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि.

**४.३ अन्य आमन्त्रित कम्पनीका प्रतिनिधिहरूको उपस्थिति:**

४.३.१ श्री प्रविन दाहाल, सहायक रजिष्ट्रार कम्पनी रजिष्ट्रारको कार्यालय

**४.४ शेयरधनीहरूको उपस्थिति:**

संस्थापक शेयरधनीहरूको उपस्थिति संख्या : ८ जना

सर्वसाधारण शेयरधनीहरूको उपस्थिति संख्या : १३३ जना

**कुल उपस्थित शेयरधनी संख्या: १४१ जना**

**४.५ कर्मचारीहरूको उपस्थिति:**

सभामा संस्थाका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत श्री मुकेश दहाल, कम्पनी सचिव श्री जगय प्रसाद पन्त लगायत अन्य कार्यकारी, व्यवस्थापकिय, सहायक तथा सहयोगी श्रेणीका गरी कुल ३९ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

**५. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):**

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम् तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | २८,२१७ | १४१ | १४१ | |
| ग्रहण गरेको कित्ता | २६,१२०,७९७.५ | १५,२०९,१२४ | १५,२०९,१२४ | ५८.२२% |

६. **सभाको वैधानिकता र अध्यक्षता :**

६.१ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावली वमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान वमोजिम यस वित्तीय संस्थाको पच्चिसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरू १४१ जना उपस्थित रहेका शेयरधनीहरूको शेयर संख्या १५,२०९,१२४ भएको र कुल शेयरको ५८.२२% प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावलीमा व्यवस्था भए वमोजिम विहान १०:०० बजे अध्यक्ष श्री हरि कृष्ण पन्तको अध्यक्षतामा यस संस्थाको पच्चिसौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६.३ अध्यक्षले सवै सञ्चालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडि वढाउनुभयो ।

७. **छलफलको विषयहरू**

**(क) सामान्य प्रस्तावहरू:**

(१) सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू, सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

(३) वैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संस्थाको सञ्चालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**(ख) विविध :**

८. **सभाको संचालन:**

सभाको संचालन संस्थाका कम्पनी सचिव श्री जगय प्रसाद पन्तले गर्नु भएको थियो ।

९. **आसन ग्रहण:**

सभामा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरू, विभिन्न संघ संस्थावाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथिहरू, लेखापरीक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा सञ्चालकले आसन ग्रहण गराउनु भयो ।



काठमाडौं २०५५

१०. **स्वागत मन्तव्य:**

संस्थाका कम्पनी सचिव श्री जग्य प्रसाद पन्तले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथि, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गरी अध्यक्षज्यूको अनुमतिले सभाको शुरूवात गर्नुभयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुति:**

संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री हरि कृष्ण पन्तले सञ्चालक समितिको तर्फबाट आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो र शेयरधनीहरूलाई अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. **छलफलका लागि सहभागी शेयरधनीहरू:**

छलफलका लागि प्रस्तुत विषयवस्तुहरू उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनीहरूले छलफलमा भाग लिनु भयो ।

१. श्री सत्रुघन श्रेष्ठ

२. श्री सुदीप श्रेष्ठ

३. श्री गोविन्द के.सी.

४. श्री निरुपमा गुप्ता

५. श्री डम्वरु वल्लभ घिमिरे

१३. **छलफलमा सहभागी हुने शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:**

**श्री सत्रुघन श्रेष्ठ**

- लघुवित्तका पिता डा. हरिहरदेव पन्तले निर्धन तथा विपन्न वर्गलाई सेवा पुऱ्याउने उद्देश्यले २०४९ देखि लघुवित्त सेवा सुरू गर्नु भएको संस्थाले २५ औ वर्ष पुरा गरेको साथै स्थापनादेखि हालसम्म राम्रै प्रतिफल दिदै आएको छ ।
- संस्थाले गतवर्ष २०% लाभांश दिएकै हो । आ.व. ७७/७८ मा ३०% लाभांश दिएको थियो । यो संस्था नेपालकै राम्रो सार्वजनिक कम्पनीको रूपमा चिनिन्छ ।
- ऋणीहरूमा कर्जा तिर्नु पर्दैन भन्ने भ्रमले गर्दा कर्जा असुलीमा प्रभाव परि संस्थाको निष्क्रिय कर्जा बढेकोले नाफामा संकुचन आएको हो । हालको अवस्था चुनौतीपूर्ण रहेको छ । लघुवित्त क्षेत्रमा देखिएको समस्या समाधान गर्न सरोकारवाला सबै निकायहरूले समयमा नै आवश्यक पहल गर्न जरूरी रहेको छ । साथै संस्थाले पनि ग्राहक सदस्यहरूसँग राम्रो व्यवहार गरेर ऋण असुलीमा जोड दिन सुझाव दिनुभयो ।

**श्री सुदीप श्रेष्ठ**

- संस्थाले विगतमा राम्रै लाभांश दिदै आएकोमा २५ औं वार्षिक साधारण सभामा थोरै भए पनि लाभांश दिन सकेको भए राम्रो हुन्थ्यो । तर, हाल लघुवित्त वित्तीय क्षेत्रमा कर्जा असुलीमा समस्या भएकोले लाभांश वितरण गर्न नसकेको बिचार व्यक्त गर्नु भयो ।



लघुवित्त वित्तीय संस्था काठमाडौं २०५५

- संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व शिर्षकमा धेरै नै रकम सहयोग गरेको पाईएकाले सो सहयोगको उचित सदुपयोगिता सम्बन्धमा व्यवस्थापन समितिलाई अनुगमन गर्न सुझाव दिनुभयो । अन्त्यमा संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

<u>श्री गोविन्द के.सी.</u>

- लघुवित्त क्षेत्रका भिष्मपितामह डा.हरिहरदेव पन्तलाई स्मरण गर्नु भयो । उहाँको नाम र काम सानैमा पढ्ने क्रममा सुनेको भनाई राख्नुभयो ।
- सामाजिक/आर्थिक कार्यको विरोध गरेर ग्राहक सदस्यलाई कर्जा नतिर्न भडकाउने समूहलाई सम्झाउँदै ग्राहकहरूलाई कर्जा तिर्न, बचत कर्तालाई बचत गर्न र समयमै साँवा/व्याज असुली गर्न सुझाव दिँदै "हाम्रो निर्धन राम्रो निर्धन बनाउँ" भन्ने सुझाव दिनु भयो ।

<u>श्री निरुपमा गुप्ता</u>

- २५ वर्ष पुरा गरेको पब्लिक कम्पनीका हामी शेयरधनीको हात यस वर्ष खाली भएतापनि विगतको लाभांश दर सम्झिदा संन्तोषजनक नै रहेको छ ।
- यस संस्थाको जगेडा कोष राम्रो छ ईम्पेरीमेन्ट खर्च धेरै छ । Critical अवस्थाको कारणले निष्क्रिय कर्जा धेरै भएको हुँदा निष्क्रिय कर्जा घटाउनतर्फ अगाडि बढ्नु पर्ने बताउँनुभयो ।
- यस अवस्थामा संस्थाका रणनीति र कार्यनीति तथा क्रियाकलाप तर्जुमा गर्दा आवेग पूर्ण नभई विवेकपूर्ण तरिकाले गर्न जरूरी छ । संस्था कहिले नाफा र कहिले नोक्सानमा जान सक्ने भएपनि आगामी वर्ष राम्रो हुने गरी कार्य गर्न सुझाव दिनुभयो ।

<u>श्री डम्वरु वल्लभ घिमिरे</u>

- डा. हरिहरदेव पन्तको सादा जीवन, उच्च विचार र मितव्ययी व्यवस्थापने गर्दा हामी संस्थाको आफ्नै भवनमा बसेर साधारण सभा गर्न पाएको बताउँनु भयो ।
- देशको आर्थिक व्यवस्था र त्यसबाट सृजित वातावरणले वित्तीय संस्थाले शेयरधनीलाई दिने प्रतिफल हरेक वर्ष घटिरहेको छ ।
- फलस्वरूप लगानीको २५ औ वर्षमा हामी शेयरधनीहरूको हात खाली भएको छ । संस्थाको ईतिहासमै पहिलो पटक लाभांश नपाएको हुँदा चालु आर्थिक वर्षमा कर्जा असुलीलाई जोड दिन र चालु वर्षमा राम्रो प्रतिफल दिन सक्ने बनाउन सुझाव दिँदै कार्यक्रमको सफलताको कामना व्यक्त गर्नुभयो ।

१४. <u>सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ:</u>

अध्यक्षज्यूको अनुमति लिई संस्थाका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत श्री मुकेश दहालले शेयरधनीहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यवाद दिदैं उठेका जिज्ञासाहरू प्रष्ट पार्नु भएको थियो । साथै शेयरधनीहरूको राय, सल्लाह र सुझाव आत्मसात गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

१५. <u>सभाको निर्णय:</u>

(क) <u>सामान्य प्रस्ताव सम्बन्धी निर्णय:</u>

प्रस्ताव नं. १. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।



काठमाडौं २०५५

**निर्णयः** सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्वीकृतिका लागि प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं. २.** लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू, सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

**निर्णयः** लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू, सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं. ३.** बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णयः** बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सिफारिस माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा संस्थाको लेखापरीक्षण समितिबाट चालु आर्थिक वर्ष २०८०/८१ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक ए. नेपाल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौं प्रचलित बैंक तथा वित्तीय संस्था सम्वन्धी कानून र कम्पनी कानून बमोजिम लेखापरीक्षण गर्न योग्य भएकोले ए. नेपाल एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौंलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्नुका साथै लेखापरीक्षणका क्रममा हुने भ्रमण, लजिङ्ग, खाना तथा खाजा खर्च सहित कुल पारिश्रमिक रु. १०,००,०००।- (अक्षरूपी दश लाख रूपैया) मात्र मुल्य अभिवृद्धि कर सहित भुक्तानी गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं. ४.** संस्थाको सञ्चालक समितिका सदस्यहरूको मनोनयन/नियुक्ति अनुमोदन गर्ने ।

**निर्णयः** नविल बैंक लिमिटेडबाट मनोनित भई यस संस्थाको सञ्चालक समितिमा नियुक्त हुनु भएका सञ्चालक, श्री निरज कुमार बस्नेत (डनिल) र स्वतन्त्र व्यवसायीक सञ्चालकमा नियुक्त हुनु भएका सञ्चालक, श्री कृष्ण कुमार प्रधानलाई सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले मनोनयन/नियुक्ति अनुमोदनका लागि प्रस्तुत गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।



काठमाडौं २०५५

(ख) विविध:

निर्णय: वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ (१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने अख्तियारी सभाले सर्वसम्मत निर्णय गऱ्यो ।

१६. धन्यवाद तथा सभा विसर्जन:

अन्त्यमा, पच्चिसौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको सहयोग, सद्भाव र शेयरधनीहरूको अमुल्य राय, सल्लाह, सुझाव तथा उपस्थितिको लागि हार्दिक धन्यवाद दिदैं सभाका सभापतिले दिउँसो १२:१५ बजे साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(जय प्रसाद पन्त)
कम्पनी सचिव

(हरि कृष्ण पन्त)
अध्यक्ष